का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ९०
- ५ जेठ २०७७, सोमबार
- 18 May 2020, Monday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: आइतबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २९५ जना | ३६ जना | २८१६० | ३४६ | २ जना |


| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ४७ लाख ५० हजार | १८ लाख ३० हजार | ३ लाख १३ हजार | २६ लाख ६ हजार |

# रिपोर्ट नआउँदै मृत्यु

## सिन्धुपाल्चोककी महिला र बाँकेमा पुरुषको मृत्यु

**बाँकेमा २५ वर्षीय पुरूष र सिन्धुपाल्चोककी २९ वर्षीया महिलाको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएसँगै नेपालमा महामारीको त्रास झनै बढेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, आइतबार साँझसम्म नेपालमा २८१६० पीसीआर परीक्षण गएिकोमा २९५ जना संक्रमित देखिएका छन् भने ३६ जना निको भएर घर फकिएका छन्।**

**संक्रमणको तथ्याङ्क**




*सोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ जेठ।

आइतबार सिन्धुपाल्चोककी २९ वर्षीया महिला र सोमबार बाँकेका २५ वर्षीय पुरुषको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएपछि नेपालमा महामारीको त्रास बढेको छ। क्वारेन्टिनमा मृत्यु भएका २५ वर्षीय युवकमा कोरोना सङ्क्रमण पुष्टि भए सँगै बाँकेको नरैनापुर चारैतिरबाट बन्द गरिएको छ।

सदरमुकाम नेपालगञ्जदेखि करीब ३५ किलोमिटर दक्षिणपूर्व राप्तीपारी अवस्थित नरैनापुरमा सङ्क्रमण फैलिन नदिन थप नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोलीले आवत जावतमा रोक लगाएर नरैनापुर बन्द गराएको बाँकेका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले बताए।

मृतक युवकलाई भारतको मुम्बइबाट गत वैशाख ३० गते बाँके आए लगत्तै सीधै क्वारेन्टिनमा राखिएको थियो। नरैनापुर ५ मटेहियाको भगवानपुरस्थित दीपेन्द्र प्राविमा रहेको क्वारेन्टिनमा बस्दै आएका वडा नं ५ निवासी युवकले आइतबार बिहान ४ बजेतिर दुई पटक बान्ता गरे लगत्तै अचानक मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले बताए।

उनका अनुसार ती युवक सहित भारतबाट नेपाल प्रवेश गरेकाको पिसिआर परीक्षण गर्दा यसअघि नरैनापुर ८ मा कोरोना सङ्क्रमण पुष्टि भएको थियो। कोरोना सङ्क्रमित आठ मध्ये तीन जना दीपेन्द्र प्राथमिक विद्यालयकै क्वारेन्टिनका थिए। संक्रममितको सम्पर्कमा रहेका आधारमा नरैनापुरका विभिन्न क्वारेन्टिनबाट शनिबार २६३ को स्वाब सङ्कलन गरिएको थियो। सङ्कलित स्वाबको पिसिआर रिपोर्ट आउन नपाउँदै युवकको मृत्यु भएको थियो।

भेरी अस्पतालको आरटिपिसिआर यन्त्रमा गरिएको कोरोना परीक्षणको रिपोर्ट पोजेटिभ देखिएपछि मन्त्रालयमार्फत सार्वजनिक गरिएको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा प्रकाश थापाले जानकारी दिए। जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक वीरबहादुर बलीले मृत्युको कारण पिसिआर रिपोर्ट पोजेटिभ भएकाले सोहीअनुसार अन्त्येष्टि गरिने बताउनुभयो। पिसिआर रिपोर्ट नआउँदासम्म आइतबार दिनभर शव क्वारिन्टनमै राखिएको थियो।

आइतबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सिन्धुपाञ्चोककी २९ वर्षीया महिलाको मृत्यु कोभिड- १९ बाट भएको पुष्टि गरेको छ। मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीका अनुसार, मृतकको कोभिड -१९ सँग सम्बन्धित थप परीक्षण पछि कोरोना भाइरसबाट मृत्यु भएको बताए। नेपालमा कोभिड -१९ बाट मृत्यु भएको यो पहिलो घटना हो।

उनका अनुसार, ती महिला गत वैशाख २३ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा भर्ना भई वैशाख २४ गते साधारण तरिकाले सुत्केरी भएकी थिइन्। सुत्केरी भएपछि ती महिला वैशाख २५ गते डिस्चार्ज भएर सिन्धुपाल्चोक घर गएकी थिइन्। घरमा गएपछि ज्वरो र श्वासप्रश्वासमा समस्या भएपछि स्थानीय अस्पतालमा उपचार गराइरहेकी थिइन्। उनको स्थिति जटिल बन्दै गएपछि धुलिखेल अस्पताल आउँदै गर्दा बाटामा शुक्रबार बिहान मृत्यु थिएको थियो।

# जेठ २० सम्म लकडाउन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ जेठ।

कोभिड-१९ को संक्रमबाट दुई जनाको मृत्यु र संक्रमित हुनेको संख्या समेत बढेपछि सरकारले लकडाउन थप गरेको छ। कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिको सिफारिस अनुसार, सरकारले लकडाउन थप गरेको हो।

गएको चैत ११ गतेदेखि लकडाउन जारी छ। सातौं पटक लकडाउन थप गरिसकिएको छ। चैत १८, २५, वैशाख ३, १५, २२ र जेठ ५ गतेका लागि लकडाउन थप गरिएको थियो। पछिल्लो समय लकडाउनमा झनै कडाई गरिदै आएको छ। एक स्थानीय तहदेखि अर्को स्थानीयमा जान रोक लकाइएकोमा गएको साता देखि एक जिल्लाबाट अर्को जिल्लामा जान समेत रोक लगाइएको छ।

राजधानी उपत्यकामा समेत लकडाउन कडाइ गरिएको छ। प्रशासनले यसअगाडि जारी गरेको सवारी पास रद्ध गरिएको छ। संक्रमणबाट नेपालमा २९१ ज्ना संक्रमित भएका छन् भने ३६ जना निको भएर घर फर्किएका छन्। शनिबार र आइतबार दुई जनाको मृत्यु नै भएको छ।

### भारतमा १८ जेठसम्म

भारत सरकारले चौथो पटक लकडाउन थप गरेको छ। गृह मन्त्रालयले आइतबार सूचना जारी गरी देशव्यापी लकडाउन ३१ मे अर्थात् १८ जेठसम्म थप गरिएको जानकारी दिएको छ। बाँकी पृष्ठ २ मा

**प्रतिपक्षी प्रतिक्रिया**

# 'जनताको मन नबुझ्ने सरकार'

**आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा छलफल शुरू भएको छ। छलफलमा भाग लिदै प्रतिपक्षी दलका सांसदहरूले सरकारले जनताको मन बुझ्न नसकेको आरोप लगाएका छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ जेठ।



प्रतिनिधिसभाको बैठकमा नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रममाथि सांसदहरुले पक्ष विपक्षमा आ-आफ्ना तर्क गरेका छन्। राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गत शुक्रबार नेपाल सरकारको आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गरेकी थिइन्।

बैठकमा शुरु भएको नीति तथा कार्यक्रममाथिको छलफलमा सत्ता पक्ष दलका सांसदहरुले नीति तथा कार्यक्रमले कोरोना भाइरसबाट उत्पन्न सङ्कट समाधानका लागि विभिन्न महत्वपूर्ण कार्यक्रममा ल्याएको, श्रमिक, निम्न आय भएका र व्यवसायीलाई राहत हुने कार्यक्रम उल्लेख भएको भन्दै प्रशंसा गरे। त्यसैगरी प्रतिपक्षी दलका सांसदहरुले भने मुलुक कोरोनाका कारण बाँकी पृष्ठ २ मा

**COVID-19 NOVEL CORONA VIRUS (nCOV)**

**जनहितका लागि जारी जनचेतनामूलक सन्देश**

**नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु**



ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रूघा र खोकी

**नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।**

**कसरी आफू बच्ने र अरुलाई बचाउने ?**



- नियमित रूपमा साबुन पानीले हात धुने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

**कार्यालय**
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# विदेशमा अलपत्रको उद्धार शुरू गर्न निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ जेठ

प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले देशगत रुपमा जोखिमको मुल्यांकन गरेर विदेशमा अलपत्र नेपालीहरुको उद्धार शुरु गर्न नेपाल सरकारलाई निर्देशन दिएको छ। समितिको आइतबार बिहान बसेको बैठकले कोरोना भाइरस (कोभिड-१९)का कारण विदेशमा रोजगारी गुमाई अलपत्र परेका नेपालीहरुलाई स्वदेश फर्काउनका लागि उपयुक्त योजना तयार पार्न समेत नेपाल सरकारलाई निर्देशन दिएको छ। यसअघि सर्वोच्च अदालतले पनि नेपाल सरकारलाई यस्तै आदेश दिएको थियो।

हाल मध्यपूर्वका साउदी अरब, यूएई, कतार, ओमान, कुवेत, बहराइनसहित मलेसिया, जापान र दक्षिण कोरियामा करिब २५ लाख नेपाली वैदेशिक रोजगारीमा रहेको अनुमान छ। त्यसमध्ये साढे दुई लाख नेपालीहरुलाई तत्काल उद्धार गर्नुपर्ने परराष्ट्र मन्त्रालयको आँकलन छ।

विश्वका १ सय १३ मुलुकमा कोरोना भाइरसको संक्रमण फैलिएको छ। नेपालीहरु १ सय ७२ देशमा छरिएर रहेका छन्। यी मध्ये गल्फ को-अपरेटिभ काउन्सिल (जीसीसी) अन्तर्गतका ६ मुलुकमा रहेका नेपाली कामदार बढी जोखिममा रहेको त्यहाँस्थित नेपाली नियोग र गैर आवासीय नेपाली संघहरुले बताएका छन्।

समितिले देशगत रुपमा रहेका कामदारहरुको समस्याको गाम्भीर्यतालाई वर्गीकरण गरेर उद्धार गरी नेपाल ल्याएपछि संक्रमण नफैलियोस् भनी क्वारेन्टाइनमा राख्ने उचित प्रवन्धको योजना समेत तयार गर्न निर्देशन दिएको छ। समितिले वैदेशिक रोजगारी वा अन्य कारणले नेपाली रहेका विदेशी मुलुकहरुलाई संक्रमणका दृष्टिले क्रमशः निलो, रातो, पहेँलो गरी तीन वर्गमा वर्गिकरण गरेर योजना बनाउन भनेको छ।

समितिले दिएको निर्देशनमा भनिएको छ, 'स्वदेश फर्किन चाहने र फर्काउनुपर्ने नेपालीहरूका सम्बन्धमा नेपाल सरकारको स्पष्ट नीति हुनु आवश्यक छ। विदेशबाट त्यसरी फर्काइने नेपालीलाई प्रदेश, जिल्ला र स्थानीय तहमा स्वास्थ्य परीक्षणको व्यवस्था गर्न र क्वारेन्टाइनमा राख्न आवश्यक छ।

त्यसैगरी समितिले विदेशमा बेखर्ची भएर अलपत्र परेकाहरूलाई कोरोना संक्रमण रोकथाम कोषबाट रकम उपलब्ध गराई उनीहरूलाई स्वदेश ल्याउन नेपाल वायुसेवा निगमको जहाज प्रयोग गर्न पनि निर्देशन दिएको छ। नेपालीहरुको उद्धार गर्ने अवस्था नआउन्जेलसम्म उनीहरूको स्वास्थ्य परीक्षण लगायतको सुविधा उपलब्ध गराउन सम्बन्धित मुकुलकका सरकारहरूसँग पत्राचार गर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ।

बैठकमा पूर्वप्रधानमन्त्री एवं नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाल, नेपाली कांग्रेस सांसद प्रकाशमान सिंह, नेकपा सांसद भीम रावल, नेपाली काँग्रेसकी सांसद पुष्पा भुसाल, सांसद दिव्यमणी राजभण्डारीलगायतले विदेशमा अलपत्र परेका नागरिकका गुनासोप्रति सरकारका निकायहरुले उद्धारमा गम्भीरता नदेखाएको भन्दै सरकारको आलोचना गरेका थिए।

नेपाली रहेका देशमा कोरोना भाइरस संक्रमण बढेको र आर्थिक गतिविधिमा सुस्तता आएका कारण धेरै नेपालीहरुले रोजगारी गुमाइ रहेका छन्। शुरुमा जो जहाँ छ, त्यहीँ बस्नु पर्ने दृष्टिकोण बनाएको सरकारले कोरोना भाइरस संक्रमण तत्काल नरोकिने र उद्धार गर्नुपर्ने नेपालीहरुको संख्या दिन प्रतिदिन बढ्दै गएपछि पछिल्ला दिनमा नेपाल फर्किने कामदारको तथ्यांक संकलन शुरु गरेको बताएको छ। खाडीमा ठूलो संख्यामा कामदार पठाएका भारत र पाकिस्तानले आफ्ना कामदार फर्काइरहेका छन्। तर नेपालले आफ्ना नागरिक फिर्ताको योजना सार्वजनिक गर्न सकिरहेको छैन।

केही दिन बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कतारमा मास्क नलगाए चर्को सजाय

## बहराइनमा ३३१ नेपाली संक्रमित

काठमाडौं/मस- कतारले आइतबारदेखि कोरोना भाइरसविरुद्धको लडाईलाई कडा बनाउन अनिवार्य मास्कको व्यवस्था लागू गरेको छ। घरबाट बाहिर निस्कँदा मास्क नलागाएमा दुई लाख कतारी रियाल वा तीन वर्ष जेल मध्ये एउटा सजाय हुने छ। एक्लै गाडी चलाएर घर बाहिर निस्कनेले पनि अनिवार्य रुपमा मास्क लगाउनुपर्ने छ।

यसैबीच बहराइनमा कोरोना संक्रमित नेपालीहरुको संख्या ३ सय ३१ पुगेको छ। यसअघि २ सय ४५ जना संक्रमित रहेको बहराइनमा आइतबार थप ८६ जना नेपालीमा संक्रमण देखिएको हो। बहराइनस्थित नेपाली दूतावासले संक्रमितहरुको संख्या बढेपनि चिन्ता लिनुपर्ने अवस्था नरहेको बताएको छ।

भिसा अवधि सकिएर पनि स्वदेश फर्किन नसकेका नेपालीहरुलाई खानाको समस्या नहोस् भनी नेपाली दूतावास, स्थानीय नेपालीका संघ संस्थाले सहयोग गरिरहेको बताएको छ। बहराइनमा करिब ३५ हजार नेपाली रहेका छन्। आइतबारसम्म त्यहाँ संक्रमितहरुको संख्या ३ हजार ९ सय ७३ जना पुगेको छ भने १२ जनाको मृत्यु भएको छ।

संक्रमित विदेशीहरुमा क्रमशः भारतीय, बंगलादेशी र पाकिस्तानपछि नेपालीको संख्या रहेको छ। सानो भौगोलिक क्षेत्रफल बाँकी पृष्ठ २ मा

## श्रममन्त्री अस्पताल भर्ना

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव स्वास्थ्य उपचरका लागि शहिद गंगालाल हृदय केन्द्रमा भर्ना भएका छन्। मन्त्री यादवको निजी सचिवालयले अवस्था सामान्य रहको बताएको छ।

शनिबार वीर अस्पतालमा स्वास्थ्य जाँच गराएका मन्त्री यादवले आइतबार मुटुको नियमित जाँच गराएको र अवस्था खतरा मुक्त रहेको बताइएको छ। ६४ वर्षीय मन्त्री यादव केही समय अघिदेखि जनै खटिराका कारण समस्यामा रहेका थिए।

# ‘सरकारले नीति तथा कार्यक्रम पुनर्लेखन गर्नुपर्छ’

**काठमाडौं/मस–** राष्ट्रियसभामा प्रतिपक्षी दलका सांसदहरुले सरकारले नीति तथा कार्यक्रम पुनर्लेखन गर्नुपर्ने बताएका छन् । नीति तथा कार्यक्रममाथि संशोधन प्रस्ताव समेत हालेका सांसदहरुले कोभिड–१९ महामारीको अवस्थासँग जुध्न सक्ने गरी पुनर्लेखन गर्नुपर्ने सुझाव दिएका छन् ।



सांसद प्रमिला कुमारीले स्वास्थ्यकर्मीहरुको तलब सुविधा दोब्बर हुनुपर्ने, जीवन बीमा लगायतका सुविधा थपिनुपर्ने र पहिलो पंक्तिमा काम गर्ने सुरक्षाकर्मी लगायतलाई प्रोत्साहन गर्ने कार्यक्रम समावेश गर्नुपर्ने बताइन् । प्रदेश नम्बर २ मा मेडिकल कलेज स्थापना गर्दै पछाडि परेको समुदायका बालबालिकाहरुका लागि १५ वर्षे आवासीय विद्यालयको स्थापना गरी शिक्षा प्रदर्शन गर्ने र रोजगारीको अवशर सिर्जना गर्ने विषयहरु थप्न सुझाव दिइन् ।

सांसद अनिता देवकोटाले नीति तथा कार्यक्रम पट्यारलाग्दो र भद्दा भएको भन्दै अहिलेको संकटलाई माचन गर्न सक्ने क्षमता नभएको बताए । सरकारका नीति तथा कार्यक्रमहरु कोरोना महामारीपछि आउने संकटका लागि केन्द्रित हुनुपर्नेमा त्यसो हुन नसकेको बताइन् । विदेशमा रहेका युवाहरुलाई सुरक्षित नेपाल ल्याउने, सीमा क्षेत्रमा अलपत्र नागरिकलाई स्वदेश फर्काउने विषयहरु समेट्दै नीति तथा कार्यक्रम पुनर्लेखन गर्नुपर्ने सुझाव उनले दिइन् ।

सांसद जितेन्द्र नारायण देवले कोरोनाका कारण देश आर्थिक र मानविय संकटबाट गुज्रिरहेको अवस्थामा आएको नीति तथा कार्यक्रम अनावश्यक ढंगले ठूलो रुपमा आएको बताए । आर्थिक सिथिलताको अवस्थालाई मध्यनजर गरी कोरोना महामारीको संकटबाट जनतालाई जोगाउने, भोकमरीको अन्त्य गर्ने कुराहरुलाई प्राथमकिता दिनुपर्नेमा त्यसो हुन नसकेको बताए । कोरोना परीक्षण बढाउने, क्वारेन्टाइन व्यवस्थित र निर्माण गर्ने, विदेशमा रहेका नेपालीहरुलाई स्वदेश फर्काउने कुरामा नीति तथा कार्यक्रम केन्द्रित हुन नसकेको उनले बताए ।

सांसद रमेशजंग रायमाझीले अहिले स्वास्थ्य क्षेत्रलाई बलियो बनाउने गरी स्वास्थ्य प्राधिकरणको परिकल्पना गरिनुपर्ने बताए । स्थानीय तह साझेदारी अन्तर्गतका रकम कोरोना महामारीसँग जुध्न खर्च गर्नुपर्ने, सातवटै प्रदेशमा मेडिकल कलेज खोल्नुपर्ने गरी नीति तथा कार्यक्रम पुनर्लेखन गर्नुपर्ने उनले बताए ।

सांसद प्रकाश पन्थले सरकारको नीति तथा कार्यक्रम अहिलेको समस्या समाधान गर्नेतर्फ ‘फोकस’ नभएको बताए । सरकारले प्राथमिकता के कुरालाई दिन खोजेको हो त्यो प्रस्ट नभएर असिमित चाहनाहरुको लिष्ट मात्रै सार्वजनिक भएको उनले बताए । नीति तथा कार्यक्रम महामारी तर्फ केन्द्रित नभएकोले यसलाई पुनर्लेखन गर्न आवश्यक रहेको उनले बताए ।

सांसद शेखर कुमार सिंहले प्रदेश नम्बर २ र कर्णाली प्रदेशलाई विशेष प्राथमिकतामा राखि विशेष प्याकेज घोषणा गर्नुपर्ने बताए । पहिलो पंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम आउनुपर्ने उनले बताए ।

शुक्रबार सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि सांसदहरुले आफ्नो संशोधन पनि दर्ता गराएका छन् । आइतबारबाट सुरु भएको नीति तथा कार्यक्रममाथिको छलफल सोमबार सकिने छ । मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीले छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिनेछन् ।

# कतारमा कोरोना पीडित नेपाली श्रमिकहरुलाई खाद्यान्न वितरणमा तीव्रता

**योगी योगेन्द्र/मध्यान्ह**
दोहा, ४ जेठ



विश्वव्यापी रुपमा देखा परेको कोरना भाइरस (कोभिड(१९) नियन्त्रणमा कतार सरकारले चालेको विभिन्न सावधानी कदमहरुको पालना गर्ने क्रममा यहाँ रहेका केहि नेपाली श्रमिकहरुमा देखा परेका समस्याहरुलाई मध्यनजर गर्दै गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारद्वारा गठित उद्दार तथा राहत बितरण समितिले छैटौं चरणमा एनसीसी कतारको श्रमिक कोष मार्फत खाद्यान्न वितरण कार्यलाई तीव्रता दिएको छ ।

कतारको अजजिया, नज्मा, मुग्लिना, रयान, अलसाद, डाफ्ना, मदिना खलिफा, एनखालिद, अल्खोर, न्यु सैलिया, ग्राण्ड्मल, सनैया ४० लेफ्ट र सनैया १९ राइटमा रहेका कोरना भाइरसको समस्याबाट प्रभावित २३ महिला र ९७ पुरुष गरि जम्मा १२० जना नेपाली पीडित श्रमिकहरुलाई खाद्यान्न वितरण गरिएको गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका प्रथम उपाध्यक्ष एवं उद्दार तथा राहत समिति संयोजक उत्तम गुरुङले जानकारी दिए ।


पीडित नेपालीहरुका लागि १५ दिनसम्म पुग्ने खाद्यान्न गरी ५ सय ५५ के जी चामल, ६३ लिटर तेल, ६९ के जी दाल, ५१ के जी प्याज़, २३० के जी आलु, २८ के जी सोयाबिन, ३९ प्याकेट नुन र ६४ प्याकेट मिक्स मसलालगायतका खाद्यान्न वितरण गरिएको संयोजक गुरुङले बताए ।

कार्यक्रममा आईसीसी मध्यपूर्व संयोजक प्रबिन गुरुङ, आईसीसी सदस्य रमेश भट्ट, एनसीसी अध्यक्ष मोहमद मुक्तदा मुसलमान, एनसीसी महासचिव पदम गिरी, एनसीसी सदस्यहरु झबिन्द्र आचार्य र गजेन्द्र राईलगायत उद्दार तथा राहत समिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारद्वारा गठित उद्दार तथा राहत वितरण समितिले यस अघि पनि दोहाको विभिन्न स्थानमा अलपत्र परेका नेपाली श्रमिकहरुलाई खाद्यान्न वितरण गरेको थियो ।

# भारतीयलाई सिन्धुपाल्चोक फर्काइयो

**काठमाडौं/मस–** कन्टेनर भ्यानमा आइतबार बिहान धुलिखेल आइपुगेका ५० भारतीय मजदुरलाई सिन्धुपाल्चोक फर्काइएको छ । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले उनीहरुलाई बिहान धुलिखलस्थित बस बिसौनी नजिकैबाट नियन्त्रणमा लिएको थियो ।



सिन्धुपाल्चोकबाट बिहान ८ बजे धुलिखेल आएका ती भारतीय नागरिकलाई नियन्त्रणमा लिइ मध्याह्नतिर उतै फकाईएको जिल्ला संकट व्यवस्थापन केन्द्रका संयोजक एवं प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमसिनाले बताए । उनका अनुसार ती भारतीय नागरिकलाई धुलिखेलस्थित खेलमैदानमा राखेर सावधानीपूर्वक खाना खुवाएर दुई गाडीमा सिन्धुपाल्चोकतर्फ नै फर्काइएको हो ।

भारतीय नागरिक धुलिखेल आइपुगेको विषयमा गृह मन्त्रालयलाई जानकारी गराइ सिन्धुपाल्चोक प्रशासनसँग समन्वय गरी सबैलाई उतै फकाईएको प्रजिअ तिमल्सिनाले बताए । उनका अनुसार ती भारतीय नागरिक विद्युत् प्रसारण लाइनमा काम गर्ने मजदुर हुन् । कन्टेनर भ्यानबाट धुलिखेल आएका भारतीय नागरिकलाई सूचना पाएलगत्तै सुरक्षाकर्मीद्वारा नियन्त्रणमा लिइएको तिमल्सिनाले बताए ।

सिन्धुपाल्चोक प्रशासनसँगको समन्वयमा विद्युत् प्रसारण लाइनका ठकेदार कम्पनीले नै ती मजदुरलाई सुरक्षितसाथ राख्ने सहमति भएअनुसार मजदुरलाई सिन्धुपाल्चोकनै फर्काइएको हो । सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-१३ स्थित जल्केनीमा तामाकोशी जलविद्युत् आयोजनाको प्रसारण लाइनमा खटेका उनीहरु बा३ख २५४६ नम्बरको कन्टेनर भ्यानमा चढेर धुलिखेल आएका थिए ।

# कपिलवस्तु रेड जोनमा, ५ हजार क्वारेन्टाइनमा



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ४ जेठ

कपिलवस्तुमा कोरोना संक्रमित हुनेको संख्या ४३ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रेस विज्ञप्तिअनुसार यो जिल्लामा आइतबार मात्रै ३ नयाँ संक्रमित थपिएका हुन् ।

जिल्लामा देखिएका नयाँ तीन संक्रमित शिवराज नगरपालिका ८ विशनपुरका ३४ र ४४ वर्षीय दुई पुरुष र वडा नं ११ थुन्हियाका २५ वर्षीय एक पुरुष रहेको प्रमुख जिल्ला अधिकारी दीर्घनारायण पौडेलले जानकारी दिए ।

गत वैशाख २५, २६ र २७ गते उनीहरु भारतबाट लुकिछिपी नेपाल आएका थिए । पुष्टि भएका तीन जना शिवराज ३ सुपादेउराली क्वारेन्टाइन कोरोना अस्पताल बेलझुन्डी दाङ लैजाने तयारी भइरहेको प्रजिअ पौडेलले बताए ।

वैशाख २९ गते शिवराज नगरपालिकाको क्वारेन्टाइनमा रहेका ६६ जनाको स्वाब संकलन गरिएको शिवराज स्वास्थ्य शाखा संयोजक चूडामणि भट्टराईले जानकारी दिए । शिवराज ३ खरेन्द्रपुर सुपादेउराली क्वारेन्टाइन र वडा नं ९ प्रकाश माध्यमिक विद्यालय सुन्दरी डाड क्वारेन्टाइनमा अहिले ३३८ जना छन् ।

नगरको वडा नं ८ विसनपुरका एक युवक गत वैशाख २५ र अर्को वैशाख २७ गते सीमानाबाट लुकेर आएको खबर पाउनेबित्तिकै गाउँको बगैँचाबाटै क्वारेन्टाइन पठाइएको वडाध्यक्ष शंकर अहिरले बताए । संक्रमित दुवै युवा कसैको सम्पर्कमा नआई तत्काल क्वारेन्टाइनमा गएको जनाइएको छ । शिवराज ११ का संक्रमित युवक वैशाख २६ गते नेपाल आएपछि टोल बाहिरैबाट क्वारेन्टाइनमा बस्न गएको वडाध्यक्ष रामेश्वर वर्माले जानकारी दिए । वडा नं ११ का अहिले १० जना क्वारेन्टाइनमा रहेको बताइएको छ ।

नयाँ संक्रमित थप भएसँगै जिल्ला कोरोना संक्रमणको हटस्पट बनेको छ । कपिलवस्तु जिल्लाका यशोधरा गाउँपालिकामा १२, कपिलवस्तु नगरपालिकामा नौ, कृष्णनगर नगरपालिकामा आठ, बुद्धभूमि नगरपालिका र मायादेवी गाउँपालिकामा चार चार , वाणगंगा नगरपालिका र विजयनगर गाउँपालिकामा एक एक तथा शिवराजका तीन जनामा कोरोना संक्रमण भएको छ । जिल्लामा चार सुरक्षाकर्मी, एक स्टाफ नर्स, दुई कर्मचारी र एक ६ वर्षीया बालिकामा संक्रमण भएको हो । कपिलवस्तु जिल्लाभरका क्वारेन्टाइनमा हाल झण्डै पाँच हजार छन् । यो सँगै नेपालमा २ सय ९१ जनामा कोरोना पुष्टि भएको छ । ३६ जना निको भएका छन् भने एक जनाको ज्यान गएको छ ।

# जोरपाटी स्वास्थ्य चौकीलाई स्वास्थ्य सामग्री हस्तान्तरण



**काठमाडौं/मस–** सामाजिक अभियन्ता तथा लायन्स क्लब इन्टरनेशनल डिस्ट्रक ३२५ एका पूर्व गभर्नर कुमारराज सुवेदीले गोकर्णेश्वर नयरपालिका वडा नं ९ आरुबारी स्थित जोरपाटी स्वास्थ्य चौकीलाई स्वास्थ्य सुरक्षा सामाग्री प्रदान गरेका छन् । कोरोना भाइरसको महामारीका कारण बैशाख महिनामा रोकिएको खोप कार्यक्रम सञ्चालन गर्नका लागि स्वास्थ्य सुरक्षा सामाग्री हस्तान्तरण गरिएको जनाइएको छ । अब नियमति खोप सोमबारदेखि नियमित शुरुहुने जनाइएको छ । आइतबार आयोजित एक कार्यक्रमका बीच अभियन्ता सुवेदीले स्वास्थ्य सुरक्षा सामग्री अन्तर्गत एक थान ज्वरो मापन यन्त्र थर्मल गन र ५ सेट पीपीइ सहयोग गरेका हुन् ।

उनले स्वास्थ्य चौकी प्रमुख ललिता लामा र वडा अध्यक्ष राजिब थापालाई संयुक्त रुपमा हस्तान्तरण गरेका थिए । कोरोना भाइरसको महामारीका कारण सामाजिक दूरी कायम राखि गरिएको कार्यक्रममा सुवेदीले कोरोना को जोखिमबीच सुरु गर्न लागिएको नियमित खोप सेवा संचालन गर्दा स्वाथ्यकर्मीहरुको सुरक्षालाई मध्यनजर गर्दै सो सामग्री प्रदान गरेको बताए । वडा अध्यक्ष राजिब थापाले सहयोग को लागि धन्यवाद ज्ञापन गरेका थिए । सुवेदीले व्यक्तिगत खर्चमा उक्त स्वास्थ्य सामाग्री प्रदान गरेको बताएका छन् ।

## चन्द्रागिरि नपामा घर बाहिर निस्कन पूर्ण प्रतिबन्ध

**काठमाडौं/मस–** चन्द्रागिरि नगरपालिकाले कोरोना भाइरसको जोखिम हुन नदिन क्वारेन्टाइन निर्माणलाई प्राथमिकता दिएको छ । काठमाडौं उपत्यकाको मुख्य प्रवेशद्वारमा रहेको सो नगरपालिकाभित्र कोरोना सङ्क्रमित बढेसँगै क्वारेन्टाइन थप गर्न लागेको हो ।

नगर प्रवक्ता हरिभक्त महर्जनले क्वारेन्टाइनको क्षमता विस्तार गर्न लागिएको जानकारी दिए । नगरपालिकामा हाल ४० शय्याको क्वारेन्टाइन तयारी अवस्थामा गरेको छ । चन्द्रागिरि अस्पतालमा १५ र चुनदेवी माध्यमिक विद्यालय थानकोटमा २५ शय्याको रहेको छ । नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालय र मनमोहन अस्पताल दहचोकमा क्वारेन्टाइन विस्तार गर्न लागेको छ । हाल चन्द्रागिरिमा कोरोना सङ्क्रमित देखिएका व्यक्तिलाई बलम्बुमा रहेको सशस्त्र प्रहरी बलको अस्पतालमा उपचार गरिँदै आएको छ । हालसम्म सो नगरपालिकामा पाँचजनालाई कोरोना भाइरस पोजेटिभ पुष्टि भएको जनाइएको छ । नगरपालिकाले हालसम्म ४८५ व्यक्तिमा कोरोना परीक्षण गरिसकेको छ । नगरपालिकाभित्र कोरोना सङ्क्रमितको सङ्ख्या बढेसँगै नगरपालिकालाई यही जेठ ७ गतेसम्म सिल गरिएको छ । नगरपालिका सिल गरेसँगै अत्यावश्यक कामबाहेक घर बाहिर निस्कन पूर्ण प्रतिबन्ध गरिएको छ ।

### जेठ....

भारतमा थप गरिएको लकडाउन आइतबार सकिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले उच्च स्तरीय छलफल गरेका थिए । उच्च स्तरीय छलफल गरी लकडाउन थप गरेका हुन् । प्रधानमन्त्री मोदीले शुक्रबार मुख्यमन्त्रीसँग छलफल गरेका थिए । मुख्यमन्त्रीहरुको सुझावका आधारमा लकडाउन थप गरिएको गृह मन्त्रालयले जनाएको छ । यसअगाडि नै केही राज्यहरुमा लकडाउन थप गरिसकिएको छ । ती राज्यहरुमा जेठ १८ सम्म लकडाउन थप भइसकेको छ । यसले नेपालमा पनि प्रभाव पार्ने देखिन्छ ।

कोभिड-१९ को महामारीबाट भारतमा ९० हजार बढीमा संक्रमण देखिएको छ । संक्रमित मध्ये ३४ हजार बिरामी निको भएर घर फर्किएका छन् । भारत सरकारले देशभर गरी २८७२ जनाको मृत्यु भएको जनाएको छ । महाराष्ट्रमा ३० हजार बढी संक्रमित देखिएका छन् । आन्द्र प्रदेशमा २३५५, बिहारमा ११७९, दिल्लीमा ९३३३, गुजरात १०९८८, मध्य प्रदेशमा ४७८९, राजस्थान ४९६०, तमिलनाडु १०५८५, उत्तर प्रदेशमा ४२५८ जना संक्रमित देखिएको छ ।

### प्रतिपक्षी...

गम्भीर सङ्कटमा रहेका बेला नीति तथा कार्यक्रम भने दीर्घकालीन अन्य योजना केन्द्रित र परम्परागत तथा नारामा सीमित रहेको भनी आलोचना गरे ।

सभापति शेरबहादुर देउवाले जनताको दुख बुझ्ने सरकारसँग मन नभएको आरोप लगाए । सभापति देउवाले कोभिड महामारीका बेला सरकारले जनताको भावना बुझ्न नसकेको बताए । जनता समाजवादी पार्टीका नेता उपेन्द्र यादवले कोरोनाका कारण स्वास्थ्य, मानवीय, आर्थिक र राजनीतिक सङ्कट देखापरेको उल्लेख गर्दै यी विषयमा नीति कार्यक्रममा ठोस कार्यक्रम नभएको टिप्पणी गरे ।

कोरोना फैलिइसकेको सन्दर्भमा पनि आइसोलेशन वार्ड र क्वारेन्टिन व्यवस्थित नभएको, औषधि र उपकरणको कमी भएको तर नीतिले यस विषयलाई खासै समेट्न नसकेको उनको आरोप थियो । नेता यादवले कोरोनाका कारण विदेशमा अप्ठ्यारोमा परेका नेपाली नागरिकले सहज रुपमा स्वेदश आउन नपाएको सम्बन्धमा सरकारको तयारी खै भनी प्रश्न गर्नुभयो ।

बैठकमा सांसद प्रदीप गिरीले नीति तथा कार्यक्रमको दस्तावेजमा कोरोना कारण परेको मानवीय सङ्कट सम्बोधन गर्न कुनै ठोस कार्यक्रम नभएको भन्दै सरकारको नीतिको आलोचना गरे । उनले विदेशबाट स्वदेश फर्कन नपाएका नेपाली नागरिकलाई व्यस्थित रुपमा घर फर्कने व्यवस्था गर्न सरकारसँग माग गरे । सांसद राजेन्द्र महतोले नीति कार्यक्रम गलत र प्रचारवादी, लामो र कर्मकाण्डी मात्र भएको तथा केही नयाँपन नभएको भन्दै आलोचना गरे । साथै उनले नीति कार्यक्रम चुनावी घोषणा पत्र जस्तो भएको बताउँदै नारा दिएर मात्र केही नहुने बताए ।

सांसद जिपछिरिङ लामाले नीति कार्यक्रममा अतिक्रमित भूमिसहितको नक्सा निर्माण गर्ने उल्लेख भएकामा सरकारलाई धन्यवाद भन्दै नीति कार्यक्रममा कोरोनाका कारण पीडित जनता र प्रभावित व्यवसायीका बारेमा पनि ठोस कार्यक्रम नभएको बताए ।

सांसद भरतकुमार शाहले अहिले दीर्घकालीन योजना कार्यक्रम होइन वर्तमान सङ्कटबाट पार लगाउने कार्यक्रम नआएका कारण जनता निराश भएको बताए । सांसद गौरीशङ्कर चौधरीले नीति तथा कार्यक्रम समग्रमा राम्रो भएको बताए । सांसद लक्ष्मीकुमारी चौधरीले नीति र कार्यक्रमले स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै बजेटमा पनि यसरी नै थप विस्तार योजना ल्याउनुपर्नेमा जोड दिए ।

बैठकमा सांसदहरु अनिलकुमार झा, मुकुन्द न्यौपाने, मोहन आचार्य, नारायणप्रसाद मरासिनी, डा नारायण खड्का, गङ्गा चौधरी सत्गौवा, मिनाक्षी झा, केदार सिग्देल, विमला विश्वकर्मा, उमेश श्रेष्ठ, दुर्गाकुमारी विश्वकर्मा, अतहर कमाल मुसलमान, इन्दुकुमारी शर्मा, तेजुलाल चौधरी, प्रेमप्रसाद तुलाचन, गोपालबहादुर बम, वृजेशकुमार गुप्ता, नारायणप्रसाद खतिवडा, विमला विक, शान्तिमाया तामाङ पाखिन, निरुदेवी पाल, अञ्जना विशन्खे, सीताराम महतो, बीनाकुमारी श्रेष्ठ, गणेशसिंह ठगुन्ना, हेमकुमार राई, जयकुमार राई, अमनलाल मोदी, लक्ष्मी परियार, दिलकुमारीले सरकारको नीति तथा कार्यक्रमको बचाउ तथा आलोचनामा आफ्ना तर्क गर्दै सरकारले गर्नुपर्ने थप कामका बारेमा सुझाव दिए ।

### विदेशमा...

पहिले सोही समितिमा जानकारी दिँदै परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले करिब ६ लाख नेपालीको उद्धार गर्नुपर्ने र त्यसमध्ये करिब आधालाई तत्काल उद्धार गर्नुपर्ने जानकारी दिएका थिए । यूएईलगायत केही मुलुकहरुले विमान नै चार्टर गरेर नेपालीलाई ल्याइदिन खोजेको तर नेपाल सरकारले नेपालमा अन्तर्राष्ट्रिय विमान अवतरणको अनुमति दिने अवस्था नरहेको पनि उनको भनाइ थियो ।

यूएईमा रोजगारी गुमाएका र करार अवधि सकिएका धेरै रहेको भएपनि कुवतेमा त्यहाँको सरकारले दिएको आममाफीमा संलग्न भएका करिब ३ हजार नेपाली कुवेत सरकारले सञ्चालन गरेको घर फिर्ति केन्द्रहरुमा रहेका छन् ।

सेल्टरमा आममाफीमा समावेश भएका नेपालीसहित भारतीय, घाना, ईजिप्सियन र पाकिस्तानी नागरिक रहेका छन् । त्यसमध्ये ईजिप्सियन र भारतीय नागरिकहरुलाई स्वदेश फर्काइएको भन्दै नेपालीहरुले नेपाल सरकारले आफुहरुलाई स्वदेश फर्काउने पहल नगरेर आफुहरुको मृत्यु कुरिरहेको आरोप लगाउँदै आएका छन् । उनीहरुले भनेका छन्, ‘हामीले पठाएको रेमिट्यान्सले देश चलाउन मिल्ने तर आपतमा हामीलाई फर्काउन नमिल्ने ?’

### कतारमा....

भएको बहराइनमा कामदारहरूको बस्ने कोठा पनि सानो हुने र कोचिएर बस्नु परेका कारण संक्रमण फैलिएको बताइएको छ ।

# पत्रकारहरुका विरुद्ध पत्रकार नै

## निर्णय खारेज नगरे महासंघ दोलखाका कार्यसमितिलाई बर्खास्ती गर्ने चेतावनी

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, ४ जेठ

दोलखा विधान विपरीत गठित कार्यदलको सिफारिसलाई आधार मानेर पत्रकार महासंघ जिल्ला शाखा दोलखाको सदस्यता खारेज गर्ने निर्णयप्रति जिल्लाका सय जना सदस्यले गम्भीर आपत्ति जनाएका छन् । जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘कोरोना भाइरसको महामारीका बेला आफ्ना सदस्यहरुको सुरक्षा तथा उनीहरुको संरक्षण गर्नुपर्नेमा उल्टै विधानको भावना, सिद्धान्त विपरीत पत्रकार महासंघलाई नै धरापमा पार्न निकृष्ट र आपत्तिजनक निर्णय गरेको प्रति हामी रोष व्यक्त गर्दै जेठ २ गतेका सम्पूर्ण निर्णय तुरुन्त फिर्ता लिन जोडदार माग गर्छौं, अन्यथा चरणबद्ध आन्दोलन सहित दुई तिहाई बहुमत सहितको विशेष साधारणसभा बोलाई नयाँ जिल्ला कार्यसमिति गठन गर्न बाध्य हुने जानकारी गराउँछौं ।’

उनीहरुले दुई तिहाई सदस्य आफूहरुसँग रहेको भन्दै तुरुन्त जेठ २ गते गरिएको निर्णय खारेज नगरिए सम्पूर्ण कार्यसमितिलाई नै कारबाही गर्ने चेतावनी समेत दिएका छन् । विधान विपरीत गठन गरिएको सदस्य शुद्धीकरण कार्यदलले गरेको निर्णयको औचित्य नभएको जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

महासंघको विधानको दफा १९ ले शुद्धीकरण समिति बनाउने अधिकार जिल्लालाई दिएको छैन । तर, महासंघ दोलखाले विधान विपरीत समिति बनाएको र सो समितिले एक सय जनाको सदस्यता खारेज गर्न गरेको सिफारिसलाई महासंघ दोलखाले अनुमोदन गरेको विज्ञप्तिमा उल्लेख छ ।

दफा ३२ (घ) अनुसार जिल्ला शाखाको शिफारीसमा केन्द्रीय समितिले मात्र सदस्यता खारेज गर्न सक्नेछ । दफा ५.१ (ग) र दफा ३२ (घ) ले सफाइको मौका समेत दिएको छ । दोलखा जिल्ला शाखाको उक्त समितिले ५ जनालाई मानार्थ सदस्यता प्रदानको लागी सिफारीस गऱ्यो । जुन विधान विपरित छ । दफा ४.४ बमोजिम मानार्थ सदस्यता केवल केन्द्रीय समितिले मात्र प्रदान गर्न पाँउछ । जिल्ला शाखालाई त्यो अधिकार छैन ।

सदस्यता पाई सकेकाहरुको हकमा सदस्यताको समाप्ती विधानको दफा ७.१ अनुसार ६ कारणले मात्र हुन्छ । राजीनामा दिएमा, शुल्क नबुझाएमा, विधान प्रतिकुल काम गरेमा, नैतिक पतन हुने फौजदारी अभियोग प्रमाणीत भएमा, पेशामा नरहे वा पेशा परिवर्तन गरेमा, मृत्यु भएमा मात्र हटाउन पाउँछ । एक जिल्लाबाट अर्को जिल्लामा काम गरेको कारण वा अन्य कुनै कारणले सदस्यता खारेज हुँदैन । जिल्ला शाखा दोलखाको सदस्यता शुद्धीकरण समितिको २०७६ चैत १० गतेको बैठकको प्रस्ताव तथा निर्णयको १ (क) ८ ले सदस्यको नविकरण नगर्न सिफारिस मात्र गरेका हुन् । जुन समिति नै विधान विपरित छ । साथै हाल रहेको जिल्ला कार्यसमितिको पदावधि २०७६ चैतमा नै समाप्त भएकाले यो अवैधानिक समितिले गरेको निर्णय आफैमा गैरकानुनी रहेको अधिकांश पत्रकारहरुको जिकिर छ । पत्रकार महासंघ दोलखाको गतिविधिप्रति नेपाल प्रेस युनियन दोलखाले गम्भीर आपत्ति जनाएको छ ।

पत्रकार महासंघ, दोलखा शाखाले क्रियाशील पत्रकारकै सदस्यता खारेज गरेको भन्दै नेपाल प्रेस युनियन दोलखाले एक विज्ञपति जारी गर्दै विरोध जनाएको हो । कार्यसमितिले विधान विपरीत गठन गरेको कार्यदलको सिफारिस भन्दै क्रियाशील पत्रकारकै सदस्यता खारेज गरेको प्रेस युनियन दोलखाका अध्यक्ष दीपसङ्कर चौलागाईंको भनाइ छ । कृयाशिल पत्रकारलाई सदस्य कार्यसमिति सदस्य वा पत्रकार महासंघको साधरण सदस्यबाट हटाउनु गम्भीर विषय भएको उनले बताए । उनले तुरुन्तै निर्णय सच्याउन अनुरोध गर्दै यदि निर्णय नसचिए कठिन परिस्थिति उत्पन्न हुने बताए ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७७/०२/०५

यस कम्पनीको मिति २०७६/०५/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **शुभ लक्ष्मी फार्मेसी एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि. (प्रा.लि.नं. १९९९३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०५/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **शुभ लक्ष्मी फार्मेसी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

# नवौं राष्ट्रिय खेलकुदलाई बजेट भाषणको आश

**कृष्ण दवाडी/रासस**
पोखरा, ४ जेठ

नीति तथा कार्यक्रममा यसपटक खेलकूदलाई कम प्राथमिकता दिइएको गुनासासँगै फागुनमा गण्डकी प्रदेशमा तय भएको नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताबारे केही उल्लेख नहुँदा तोकिएको मितिमा आयोजना हुनेमा आशङ्का शुरु भएको छ ।

यसअघि खेलकूदका महत्वपूर्ण प्रतियोगिता सरकारले वार्षिक कार्यक्रममा समावेश गर्थ्यो ।

गत वर्ष वैशाखमा प्रदेश नं ५ को बाँकेलगायत जिल्लाहरुमा सम्पन्न आठौं राष्ट्रिय खेलकूदपछि नवौंको जिम्मा गण्डकी प्रदेशले पाएको थियो ।

प्रतियोगिता समापनका अवसरमा आगामी संस्करण आयोजनाको झण्डा बोकेर गण्डकीको टोली पोखरा आएको थियो । मिति तय नभए पनि आगामी फागुनमा राष्ट्रिय खेलकूद आयोजना गर्ने भन्ने उल्लेख थियो ।

नेपाली खेल क्षेत्रको कुम्भ मेला राष्ट्रिय खेलकूद सरकारले हरेक दुईदुई वर्षमा आयोजना गर्छ । विसं २०३८ देखि राष्ट्रिय खेलकूद गर्न शुरु गरिएको हो । कहिले नियमित तथा कहिले लामो अन्तरालमा प्रतियोगिता हुँदै आएकामा विसं २०७३ मा प्रदेश नं १ मा सातौं संस्करण आयोजनापछि विसं २०७५ मा आठौं आयोजना गरियो ।

आगामी वर्षको कार्यक्रममा राष्ट्रिय खेलकूदबारे उल्लेख नहुँदा खेलकर्मी, खेलाडी तथा खेल सङ्घसमेत अन्योलमा छन् ।


फाइल फोटो

कोभिड-१९ को सङ्क्रमण रोक्न देशव्यापी आह्वान गरिएको बन्दाबन्दीले खेल क्षेत्रसमेते प्रभावित बनेको छ । प्रस्तुत नीति तथा कार्यक्रममा स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्न सक्ने गरी खेलाडीको क्षमता विकास गरिने तथा स्थानीय, प्रादेशिक तथा राष्ट्रियस्तरमा सुविधासम्पन्न खेलकूद पूर्वाधारको निर्माण, स्तरोन्नति तथा उच्च पर्वतीय खेलकूद तालीम केन्द्र स्थापना र निजी क्षेत्रबाट निर्माण गरिएका खेल पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिनेछ भन्ने बाहेक अन्य विषय समेटिएका छैनन् ।

खेलकूदका राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिता तथा खेल पूर्वाधार निर्माण अहिले रोकिएको छ । आंशिक रुपमा केही पूर्वाधार निर्माण भइरहे पनि अधिकांश काम ठप्प छ । यसबाट राष्ट्रिय खेलकूद प्रभावित हुने आकलन गर्न थालिएको छ ।

राष्ट्रिय खेलकूदबारे सरकारको वार्षिक नीति कार्यक्रमा आउनुपर्नेमा नआउँदा तोकिएकै मितिमा प्रतियोगिता हुने बारेमा आशङ्का उत्पन्न भएको खेलकर्मीको भनाइ छ ।

कोभिड-१९ सङ्क्रमण रोक्नका लागि आवश्यक स्वास्थ्य पूर्वाधार निर्माण तथा स्वास्थ्य संस्थामा उपकरण, जनशक्ति थपलगायतमा सरकारको प्राथमिकता परेकाले समेत खेलकूदमा कम ध्यान गएको हुन सक्ने नेपाल ओलम्पिक कमिटीका उपाध्यक्षसमेत रहेका नेपाल ह्याण्डबल सङ्घका केन्द्रीय अध्यक्ष तेज गुरुङ बताउँछन् ।

उनले भने, 'अहिलेको प्रायोरिटी स्वास्थ्यतिर बढी भएर पनि होला । सागले खेल क्षेत्रलाई पोजिटिभ बनाएको अवस्थामा राष्ट्रिय खेलकूदका बारेमा नीति कार्यक्रममा समेटिएर आएको भए राम्रो हुन्थ्यो ।'

नेपालगञ्जबाट नवौं संस्करण आयोजनाको झण्डा लिएर आएका पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिका निवर्तमान अध्यक्ष सम्पन्न श्रेष्ठले राष्ट्रिय खेलकूद आयोजना राष्ट्रिय कार्यसूचीका रुपमा आउनुपर्नेमा नआउँदा स्वाभाविक अन्योल हुने बताए ।

नीति तथा कार्यक्रममा उल्लेख नभए पनि राष्ट्रिय खेलकूद प्रतियोगिता सरकारको वार्षिक बजेट कार्यक्रममा समावेश हुने र यसै वर्ष सम्पन्न हुने उनको विश्वास छ । 'राष्ट्रिय एजेण्डा बन्नुपर्नेमा नहुँदा अहिले अन्योल चाहिँ भएको छ, बजेटमा यसलाई सम्बोधन होला', उनले भने ।

सरकारले भने राष्ट्रिय खेलकूद तोकिएकै मितिमा सम्पन्न गर्ने कुरा अहिलेको कोरोनाको स्थितिमा भर पर्ने बताएको छ ।

समयमै प्रतियोगिता गर्नुपर्छ भन्नेमा सरकार रहे पनि कोभिड-१९ को प्रभाव लामो समय रहेका खण्डमा प्रतियोगिता सार्नाको विकल्प हुँदैन ।

युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्माले राष्ट्रिय खेलकूद प्रतियोगिता नीति कार्यक्रममा पर्नुरनपर्नुले खासै अर्थ नराख्ने र अहिलेको कार्यक्रमले खेलाडीलाई उत्साहित नै बनाउने बताउँदै कोरोनाको अवस्थामा सहज हुनेबित्तिकै आवश्यक पूर्वाधार निर्माण गरी प्रतियोगिता गरिने जिकिर गरे ।

पूर्वाधार निर्माण र तयारीलाई लक्ष्य गरेर बजेट आउने बताउँदै मन्त्री विश्वकर्माले अहिलेको कार्यक्रमले खेलाडीको मनोबल उच्च बनाउने र पूर्वाधार निर्माणमा जोड दिएको उल्लेख गर्दै भने,' नवौं राष्ट्रिय खेलकूदलाई लक्ष्य गरेर पोखरामा निर्माणाधीन सबै खेल पूर्वाधारका लागि बजेट विनियोजन गरिनेछ । खेलकूदमा आगामी वर्षको बजेट केही कम भए पनि खेल पूर्वाधार निर्माण बजेट अभावमा रोकिने अवस्था आउन दिइने छैन ।'

गण्डकी प्रदेशमा तय भएको राष्ट्रिय खेलकूदका लागि अधिकांश खेल पूर्वाधार भने केही निर्माणाधीन तथा कुनै तयारी अवस्थामा छन् ।

प्रतियोगिताका लागि स्विमिङ पुल (पौडी पोखरी), सुटिङ रेञ्ज र हक्कीको पूर्वाधार अहिलेसम्म बनेका छैनन् । प्रतियोगिता अगावै ती पूर्वाधार तयार गर्नुपर्ने चुनौती छ । सरकारले नीति कार्यक्रममा स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरका खेल पूर्वाधार निर्माणलाई प्राथमिकता राखेको छ । गत वर्ष सम्पन्न १३ औं सागलाई लक्ष्य गरी थालनी गरिएका कतिपय खेलका पूर्वाधार निर्माणको चरणमा रहेकाले त्यसलाई पूर्णता दिई नवौंको तयारीमा लाग्नुपर्ने अवस्था विद्यमान छ ।

# विशाखापटनम औद्योगिक दुर्घटनाले सिकाएको पाठ

**कृष्ण अधिकारी/रासस**
काठमाडौं, ४ जेठ

औद्योगिकीकरणको विस्तारसँगै यसको सुरक्षामा ध्यान नदिँदा हुनसक्ने दुर्घटनाले जनधनको क्षति तथा वातावरणीय र जनस्वास्थ्यमा पार्ने असरको मूल्य निकै महंगो पर्न जाने गर्दछ । यसको पछिल्लो उदाहरण भारतको आन्ध्र प्रदेश राज्यस्थित भाइजाग, विशाखापटनममा एल.जी. पोलीमर्स उद्योगबाट स्टाइरिन ग्यास चुहिँदा भएको दुर्घटनालाई लिन सकिन्छ । यस घटनालाई विश्वका धेरै सञ्चार माध्यमहरूले पनि प्रमुखताका साथ प्रकाशन र प्रशारण गरेका थिए ।

यही मे ७ तारिखको बिहान करीब २.३० बजे भएको सो घटनामा परी कम्तीमा १२ जनाको मृत्यु भएको छ भने एक हजार जनालाई अस्पताल भर्ना गरिएका थियो । बेहोस अवस्थामा अस्पतालमा भर्ना गरिएका तीमध्ये धेरैको अवस्था गम्भीर रहेको बताइएको छ । कोरोना भाइरस नियन्त्रण गर्न भन्दै लगाइएको लकडाउनका कारण २४ मार्चपछि पहिलो पटक यो उद्योग खोलिएका बेला दुर्घटना भएको थियो ।

उद्योगबाट निस्केको ग्यासको मुस्लो तीन किलोमिटर वरिपरिसम्म फैलिएको थियो । मानिसहरूलाई आँखा पोलेको र सास फेर्न गाह्रो भएको थियो भनी केहीको निस्सासिएर मृत्यु भएको थियो । दुर्घटनामा परी थुप्रै घरपालुवा जनावरहरू गाई, भैंसी, कुकुर, बिरालो, चरा, सर्पहरू मरेका थिए भने विषाक्त ग्यासबाट अन्नबाली तथा वातावरण, हावा, खानेपानीको स्रोतमा पनि नकारात्मक असर पुऱ्याएको छ ।

यस पोलिमर फ्याक्ट्रीबाट चुहिएको स्टाइरिन ग्यास पोलिस्टिरिन प्लास्टिक र रेजिन बनाउन प्रयोग गरिन्छ । स्टाइरिन ग्यास रङ्गविहीन अथवा धेरै दिन राख्दा हल्का पहेँलो हुन्छ । यो १७ डिग्री सेल्सियसमा उम्लिन सक्ने अति प्रज्ज्वलनशील हुन्छ । यी तत्वबाट खानेकुरा राख्ने भाँडाहरू, सामान पोको पार्न आवश्यक प्लाष्टिक, कृत्रिम मार्बल, भूईंमा ओच्छ्याउने बस्तु, फर्निचर लगायत बनाउन सकिन्छ । यो ग्यास सामान्यतः रेफ्रिजरेटरमा राख्ने गरिन्छ । स्टाइरिनयुक्त हावामा श्वासप्रश्वास गर्दा नाक र घाँटीमा खसखस हुने, खोकी लाग्ने, दम आउने र फोक्सोमा पानी जम्न सक्ने विशाखापटनमस्थित होमिभावा क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टरका संस्थापक निर्देशक डा रघुनाधा राव बताउँछन् ।

स्टाइरिनको मात्रा बढी भयो भने स्टाइरिन बिमार हुन सक्छ । यसले टाउको दुख्ने, वाकवाकी लाग्ने, वान्ता आउने, कमजोरी महसुस हुने, थकाइ लाग्ने, अचेत जस्तो हुने हुन्छ । केहीलाई मुटुको चालमा अनियमितता हुन सक्छ र बेहोस पनि हुन सक्छ । केही अध्ययनले स्टाइरिन र रक्त क्यान्सरबीच सम्बन्ध हुनसक्ने देखाएको उनको भनाइ छ । विश्व स्वास्थ्य संगठन र क्यान्सरसम्बन्धी अनुसन्धान गर्ने अन्तर्राष्ट्रिय संस्था (आइएआरसी) को अनुसार स्टाइरिन ग्यास मानवको लागि सम्भाव्य क्यान्सर लगाउन सक्ने रसायनको रूपमा पहिचान भैसकेको रसायन हो ।

घटनाको लगत्तै कोरियामा यसबारेमा पत्रकार सम्मेलन गरी आगामी दिनमा यसखालका दुर्घटना हुन नदिन उच्च सतर्कता अपनाउनु पर्नेमा जोड दिइएको त्यहाँको केबिसी टेलिभिजनले समाचार प्रशारण गरेको थियो । यस्तै कार्यस्थलको सुरक्षा, सरसफाइ र कामदारहरूको अधिकारका क्षेत्रमा कार्यरत व्यावसायिकजन्य स्वास्थ्य र वातावरण प्रभावित संस्थाहरूको एशिया सन्जालले आयोजना गरेको वेभनर पत्रकार सम्मेलनमा कोरियाका सियोल विश्वविद्यालयको स्कुल अफ पब्लिक हेल्थका प्रा डोम योङ पिकले यस किसिमका औद्योगिक दुर्घटनाहरू हुन नदिन सरकारहरूले विशेष कानूनी व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

सञ्जालका संयोजक तथा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक रामचरित्र साहले यस उद्योगमा भएको दुःखद् घटनाबाट अन्य उद्योगहरूमा पनि बन्दाबन्दीको दौरान वा खुलेपछि उद्योगहरू सञ्चालनमा ल्याउनु अगाबै सबै सम्बन्धित पक्ष र सरकारले पूर्ण साबधानीहरू र सबैखाले व्यावसायजन्य सुरक्षा र स्वास्थ्य एवं व्यक्तिगत सुरक्षा कवचहरूको व्यवस्था मिलाउन जरुरी रहेको बताए ।

एल.जी. पोलीमर रासायनिक उद्योगबाट ग्यास चुहावट हुँदा कुनै सूचना वा साइरन बजाउने काम भएको थिएन । तथापि, लगत्तै सबै आपतकालीन सेवा निकाय दुर्घटनास्थल पुगेको र घाइतेहरूलाई तत्काल अस्पताल लैजान सकेका कारण अझ ठूलो क्षति हुन पाएको थिएन । ग्यास फैलिएपछि स्थानीय बासिन्दा आत्तिँदै घर बाहिर भागदौड गरेका थिए ।

प्रहरीले आसपासका इलाकाबाट सैयौं मानिसलाई सुरक्षित स्थानमा लगेको थियो । घटना लगत्तै उद्योग वरपरका पाँच गाउँ खाली गराइएको स्थानीयवासी नागेश्वर रावले पत्रकार सम्मेलनमा बताउनुभयो । मे ८ मा नेशनल ग्रीन ट्रिबुनलले ६.६ मिलियन अमेरिकी डलर धरौटी राखी अनुसन्धानका लागि समिति बनाएर अनुसन्धान गर्न आदेश दिएको बिबिसी हिन्दीले जनाएको थियो । सन् १९६१ मा स्थापना भएको एलजी पोलिमर इण्डिया प्रालि नामक यस कम्पनि पछि कोरियाको कम्पनीअर्न्तगत सञ्चालित रहँदै आएको छ । हाल यस कम्पनिमा ६०० भन्दा बढी कामदार रहेका छन् । यसको वार्षिक कारोवार २०० मिलियन डलर हुने गर्दछ ।

यसैबीच, भारतमा पटक पटक यस किसिमका ग्यास चुहावटका दुर्घटना हुने गरेको छ ।

सन् १९८४ मा भारतको मध्यप्रदेशको भोपालमा यस्तै दुर्घटना भएको थियो । युनियन कार्बाइड इण्डिया लिमिटेड नामक एउटा कारखानाबाट ठूलो मात्रामा रासायनिक पदार्थ चुहावट भएर हजारौं मानिसको मृत्यु भएको थियो । युनियन कार्बाइडको कारखानाबाट विषालु ग्यास हावामा फैलिएपछि २४ घण्टाभित्र कम्तीमा तीन हजार जनाको ज्यान गयो भने हजारौं मानिसको त्यसपछि पनि मृत्यु भएको थियो ।

पाँच लाखभन्दा बढी मानिस प्रत्यक्षरूपमा प्रभावित बनेको विषयलाई विभिन्न समाचार एजेन्सीहरूले आफ्नो समाचार हरूमा उल्लेख गरेका थिए । उक्त चुहावटलाई संसारकै सबैभन्दा ठूलो र नराम्रो औद्योगिक दुर्घटना मानिन्छ । दुर्घटना भएको ३५ वर्षपछि पनि हजारौं मानिसलाई फोक्सोको रोग लाग्ने गरेको छ भने अझै सोही दुर्घटनाको असरका कारण अपाङ्गता भएका बच्चाहरू जन्मिने गरेको पीडितहरूले बताउने गरेका छन् ।

सन् १९८९ मा भारतको सर्वोच्च अदालतले पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिएको थियो । तर धेरै पीडितले थप क्षतिपूर्तिको आशा र उक्त स्थानको सफाइ हुनुपर्ने माग अहिले पनि राख्दै आएका छन् ।

गत वर्ष उक्त दुर्घटना भएको ३४औं वर्ष पुगेको अवसरमा न्यायको माग राख्दै भोपालमा ठूलो जुलुस निकालिएको थियो । भोपाल दुर्घटनापछि भारतले विभिन्न ऐन नियमहरूको तर्जुमा गरी औद्योगिक तथा रासायनिक दुर्घटनाबाट बच्न विशेष जोड दिएको पाइन्छ ।

सन् १९८६ मा वातावरण संरक्षणसम्बन्धी ऐन तथा नियमावली, सन् १९८९ मा जोखिमपूर्ण फोहरसम्बन्धी नियम र जोखिमपूर्ण रसायनको उत्पादन, भण्डारण र निर्यातसम्बन्धी नियम, सन् १९९६ मा रसायनिक दुर्घटना नियम, सन् १९८७ मा उद्योग संशोधन ऐन र सन् १९९१ मा सार्वजनिक दायित्व बीमा ऐनको तर्जुमा गरेको पाइन्छ । यति धेरै कानूनहरूमा औद्योगिक दुर्घटनाको न्यूनीकरणका लागि आवश्यक कानूनी आधार भएर पनि विशाखापटनममा अहिले भएको दुर्घटनाले त्यसको कार्यान्वयनका कतै कमजोरी रहेको प्रष्ट हुन्छ ।

**औद्योगिक सुरक्षाको प्रश्न**

भारतमा मात्र नभएर विश्वका थुप्रै मुलुकहरूमा यस किसिमका दुर्घटनाहरू हुने गर्दछन् । यसखालका औद्योगिक सुरक्षा हुन नदिन र भइहालेमा पनि क्षति हुन नदिन पछिल्लो समय विश्वव्यापीरूपमै उच्च सतर्कता अपनाइएको छ ।

उद्योग स्थापनादेखि त्यसको नवीकरण गर्दा वा समयसमयमा व्यवस्थापन पक्ष र सरकारी निकायहरूबाट अनुगमन मूल्यांकन हुने गरेका कारण अप्रिय दुर्घटनामा कमी आएको छ । उद्योग कारखानाहरूले पनि निश्चित मापदण्ड अपनाउनु पर्ने हुन्छ । मुलुकको आर्थिक विकासका लागि औद्योगीकरण हुन आवश्यक छ र त्यहाँ कार्यरत मजदुरहरूको सुरक्षा र वातावरणीय स्वच्छता कायम गर्न राज्यहरूले आवश्यक कानूनहरूको तर्जुमा र त्यसको कार्यान्वयनमा ध्यान दिनु आवश्यक हुन्छ र ट्रेड युनियनहरूको दायित्व पनि कामदार हरूको सुरक्षित वातावरणमा काम गर्ने अधिकारको रक्षामा अग्रलाई केन्द्रित राख्नुपर्ने हुन्छ ।

विशाखापटनमको यस उद्योगले राज्यबाट समयसमयमा वातावरणीय र औद्योगिक सुरक्षा कायम गरेको भन्ने प्रमाणपत्र पाउन असफल रहेको थियो । अर्थात उद्योगभित्र आवश्यक पूर्वसावधानीहरू यथेष्ट मात्रामा नअपनाइएका कारण यो दुर्घटना हुन पुगेको बताइन्छ । बन्दाबन्दी (लकडाउन) को बेला ग्यास राखेको ट्याङ्कीको तापक्रम नियन्त्रण गर्ने रेफिजेरेसन (चिस्याउने यन्त्र) ले काम नगर्नु, अनुगमन नहुनु र ट्याङ्कीमा रासायनिक प्रक्रिया रोक्न थप्नुपर्ने रसायनहरू समयमा थप्न नसक्नु यो दुर्घटनाको प्रमुख कारणहरू रहेको मानिएको छ ।

# अहिलेसम्म एनटीएले वितरण गऱ्यो २५० परिवारलाई राहत





**काठमाडौं, मस–** कोरोना भाइरस (कोभिड १९) का कारण समस्यामा परेकालाई लकडाउनपछि हालसम्म २ सय ५० परिवारलाई राहत वितरण गरिएको नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए) का अध्यक्ष एवं तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्काले जनाएका छन् ।

एकेडेमीमार्फत कागेश्वरी मनोहरा नगरपालिकाका १ देखि ९ वडा, गोकर्णेश्वर नगरपालिका, बूढानीलकण्ठ नगरपालिका, गोदावरी नगरपालिका, काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिकाका मजदुर, गरिब, अपाङ, बाल आश्रम, बृद्धा आश्रम, सुकुम्वासीलगायतलाई राहत वितरण गर्दै आएका छन् । स्वास्थ्य चौकी र प्रहरी चौकीमा पनि स्वास्थ्य सामाग्री प्रदान गरेको एनटीएले पशुपंक्षि र बाँदरलाई पनि आहारा खुवाउदै आएको छ ।

स्वदेशी तथा विदेशी शुभचिन्तकको सहयोगमा हालसम्म करिब ४ लाख ५० हजार बराबरको राहत प्रदान गरिसकेको खड्काले जानकारी दिए ।

सहयोगीहरुमा दिल गुरुङ (हङकङ), ईश्वरमान वज्राचार्य, मिन न्यौपाने, तिलक लामा, मन राई (युके), नन्द विष्ट, मधुसुदन सापकोटा, नवराज पुडासैनी, रोशनी तामाङ, बल तामाङ, पुनम लिम्बू, विशाल लिम्बू, तारा राई, हर्क राई, मोहन विक, निराजन कुइकेल (अस्ट्रेलिया), कृष्णकुमार कार्की (मकाउ), सैलेन्द्र जोशी, उत्तम खड्का, चित्र शेरचन, गिरीबहादुर सुनार, महादेव मैनाली, केशवकुमार कार्की, मोहन डोटेल (चीन), राम गिरी, सुशिलकुमार श्रेष्ठ (जापान), मिङमार शेर्पा, रमेश कार्की (भारत), तीर्थराज घिमिरे, बासुदेव खड्का (मकाउ), विष्णु पाठक, मिठू गुरुङ (युके), अन्जु कार्की (इज्रायल), राजीव महर्जन, राजेश र यशोदा खड्का (जापान), प्रेम पौडेल (अमेरिका), तारा क्षेत्री (अमेरिका), अम्बर आले (अमेरिका), कर्ण बोहरा, तारा डाँगी (अस्ट्रेलिया) अन्जना केसी (अस्ट्रेलिया), विजय न्यौपाने, नरी चन्द (मकाउ), सविता श्रेष्ठ (युके), कल्पना कार्की (अमेरिका), र कल्पना क्षेत्री (अमेरिका) रहेका छन् ।

# च्याम्पियन्स लिगको सिटी र मड्रिडबीचको खेल अगस्टमा



© PA

**काठमाडौं, एजेन्सी-** च्याम्पियन्स लिग फुटबलको अन्तिम १६ अन्तर्गत म्यानचेस्टर सिटी र रियल मड्रिडबीचको दोस्रो लेग खेल अगस्टमा हुने भएको छ ।

कोरोना भाईरसको महामारीपछि स्थगित सिटी र रियलबीचको दोस्रो लेगको खेल अगस्ट ७ मा हुने तय भएको डेलीमेलले जनाएको छ ।

तर, च्याम्पियन्स लिगले भने औपचारिक रुपमा रियल र सिटीबीचको खेलको तालिका सार्वजनिक गरेको छैन । कोरोनाको महामारीपछि गत मार्चबाट सम्पूर्ण फुटबल गतिविधि थगित गरिएको छ । तर, जर्मनीको बुन्डेसलिगा फुटबल भने शनिबारबाट सुचारु गरिएको छ ।

यस अघि गत फेब्रुवरीमा रियलको मैदानमा भएको पहिलो लेगमा सिटीले २(१ को जित निकालेको थियो । दोस्रो लेग सिटीको मैदानमा हुनेछ । १३ पटकको च्याम्पियन रियललाई अन्तिम आठमा पुग्न उत्कृष्ट जितको आवश्यकता रहेको छ । सिटीलाई भने बराबरीले पुग्नेछ

# पाकिस्तानी टिम जुलाईमा इंग्ल्याण्ड जाने




**काठमाडौं, एजेन्सी-** पाकिस्तान क्रिकेट बोर्डले जुलाईमा इंग्ल्याण्ड भ्रमणका लागि स्विकृती दिएको छ । पीसीबीले इंग्ल्याण्ड भ्रमणका लागि पाकिस्तानका २५ खेलाडी विमान चार्टड गरेर इंग्ल्याण्ड जानेछन् । त्यहाँ पुगेपछि सबै खेलाडीको कोरोना परिक्षण गरेर त्यसपछि १४ दिन क्वारेन्टिनमा राखिने बताएको छ ।पाकिस्तान र इंग्ल्याण्डका बीच अगष्ट पाँच तारिखबाट सेप्टेम्बर एक तारिखसम्म तीन टेष्ट र तीन एकदिवसि खेल हुनेछन् । तीन टेष्टको सिरीज सकिएपछि बीचमा मात्र तीन चार दिनको ग्याप हुनेछ । त्यसपछि एकदिवसिय सिरीज सुरु हुनेछ । यस्तै पाँच दिनमा तीन वटा टी २० खेल खेलाइनेछ ।

पीसीबीको प्रमुख कार्यकारी अधिकृत वसीम खानले इंग्ल्याण्ड भ्रमणका लागि २५ खेलाडी छनोट गरेको बताए । उनले जुलाईको पहिलो साता प्लेन चार्टड गरेर इंग्ल्याण्ड जाने बताए । त्यहाँ सबै खेल विना दर्शक खेलाइने बताए । यसका साथै उनले इंग्ल्याण्ड टुर जानका लागि खेलाडीलाई दबाव भने नदिने बताए ।

सो भ्रमणका बेला मेडिकल स्टाफपनि टिमसँग रहने पीसीबीले बताएको छ । इंग्ल्याण्ड क्रिकेट बोर्डले पाकिस्तानका खेलाडीलाई उचित सुरक्षा दिने बताएको पीसीबीले जनाएको छ ।

## चीनका राजदूतको मृत्यु भएपछि इजरायलमा हलचल

**काठमाडौं/एजेन्सी-** इजरायलमा नयाँ सरकारको शपथग्रहणभन्दा केही घण्टापहिले नै चिनियाँ राजदूतको रहस्यमय मृत्युले हलचल मच्चिएको छ । चिनियाँ राजदूत डू वेई तेलअभिवको हर्टजलियास्थित घरमा मृत फेला परेका थिए । यो घटनाको पुष्टि इजरायलको विदेश मन्त्रालयले गरिसकेको छ ।

इजरायली सञ्चारमाध्यमका अनुसार घटना थाहा भएलगत्तै प्रहरीले अनुसन्धान सुरू गरेको छ । अहिलेसम्म मृत्युको कारण खुल्न सकेको छैन ।

लामो समयको राजनीतिक गतिरोधपछि आइतबार बिहान बेन्जामिन नेतन्याहूले राष्ट्रपति पदको शपथ लिँदै थिए । हारेट्सको रिपोर्टअनुसार ५८ वर्षीय वेईको शव उनको ओछ्यानमै भेटिएको हो । निन्द्रामै उनको मृत्यु भएको आशंका गरिएको छ । परिवारमा उनकी श्रीमती र एक छोरा छन् । गत फेब्रुअरीमा उनी इजरायलका लागि चिनियाँ राजदूतका रूपमा नियुक्त भएका थिए ।

# कोरोना महामारीले भारत आक्रान्त

**नयाँदिल्ली, एजेन्सी–** भारतमा दैनिक कोरोना भाइरसका विरामीको संख्या बढ्दो अवस्थामा छ । अहिलेसम्म यहाँ कोरोनाभाइरसका संक्रमितका संख्या ९१ हजार नाघेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा झण्डै पाँच हजार नयाँ संक्रमित भेटिएका छन् ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा हाल ९१ हजार ३१४ जनामा कोरोनाभाइरसको संक्रमण रहेको छ । भारतमा कूल २ हजार ८९७ जनाको कोरोनाभाइरसको संक्रमणबाट मृत्यु भइसकेको छ । करिब ३४ हजार १०८ जना निको भएर डिस्चार्ज भएका छन् ।

विगत २४ घण्टाको अवधिमा झण्डै ४ हजार मानिस निको भएर अस्पतालहरूबाट डिस्चार्ज भएको पनि मन्त्रालयले जनाएको छ ।

भारतीय राज्य महाराष्ट्रमा ३० हजार ७०६ जनामा कोरोना देखिएको छ भने गुजरात र तामिलनाडूमा क्रमशः १० हजार ९८८ जना र १० हजार ५८५ जना कोरोना संक्रमित भेटिएका छन् । भारतीय राजधानी नयाँदिल्लीमा भने ९ हजार ३३३ जनामा कोरोना पुष्टि भएको छ ।

### चेम्बर अफ कमर्सको बजेटसम्बन्धी सुझाव :

# आर्थिक प्याकेजदेखि अनुदानसम्म

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ जेठ

नेपाल चेम्बर अफ कमर्शले बजेटसम्बन्धी ६३ बुँदे सुझाव पेश गरेको छ । कमर्शका उपाध्यक्ष कमलेश कुमार अग्रवालले आर्थिक वर्ष २०७७/७८ को राजस्व नीति तथा कार्यक्रम, आर्थिक बिधेयक र बजेट तर्जुमाको लागि उक्त सुझाव तयार गरि आईतबार राजस्व सचिवलाई हस्तान्तरण गरेका हुन।

गत डिसेम्बरमा चीनको वुहानमा देखापरेको कोरोना संक्रमण अहिले विश्वभर फैलिएका कारण विश्वभरीको अर्थतन्त्र नै तहस नहस भएका कारण पुँजी तरलतामा गम्भीर असर परेको भन्दै उक्त सुझाव पेश गरेको हो। साथै चेम्बरले वैदेशिक रोजगारीमा गएका मध्ये कति घर फर्किएलान् र फर्किए भने ब्यवस्थापन गर्न चुनौति रहेको, वैदेशिक रोजगारीबाट फर्किदा र रेमिटान्स घट्दा कैयौं सामाजिक समस्या आउने मात्र नभई आर्थिक क्षेत्रमा यसको सिधा असर बैंकमा तरलता अभाव र विदेशी विनियम संचितिमा पर्ने उल्लेख गरेको छ। निजी क्षेत्रले आफ्ना कर्मचारी



तथा मजदुरको पारिश्रमिक, बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको ब्याज र किस्ता, घर तथा गोदामको भाडा, आपुर्तिकर्ताको बाँकी भुक्तानीहरु, कर राजस्व तथा विविध निश्चित लागतहरु एकैपटक भुक्तानी गर्नुपर्ने अस्वभाविक परिस्थतिको सामना गर्न नसक्ने चेम्बरको ठहर रहेको भन्दै उक्त सुझाव पेश गरेका हुन । यस्ता छन सुझाव :

आगामी आवको बजेट पुर्व रुपमा कोरोना भाईरसले अर्थतन्त्रमा पुर्याएको असरको आधारमा आर्थिक पुनरुत्थानमा केन्द्रित रहि चरणवद्ध रुपमा आर्थिक प्याकेज ल्याउनु पर्ने, प्याकेजको आकार जीडीपीको ५ प्रतिशत भन्दा कम हुन नहुने साथै आर्थिक प्याकेजमा उल्लेखित सबै प्रकारका सुविधाहरु एकद्धार प्रणालीमार्फत प्राप्त गर्न सक्ने हुनु पर्ने ।

बजेटमार्फत नेपाल लाई आत्मनिर्भर बनाउन योजनाबद्ध कार्यक्रम ल्याउनु पर्ने, निर्यात ब्यापार लाई मुल्य अभिवृद्धिका आधारमा निर्यात अनुदान दिने नीति अपनाईनु पर्ने, ३० प्रतिशतसम्मको भ्याल्लु अडिशनमा ५ प्रतिशत, ७० प्रतिशत सम्मको भ्याल्लु अडिशनमा १० प्रतिशत र सो भन्दा माथीको भ्याल्लु एडमा १५ प्रतिशत नगद अनुदान दिईनु पर्ने छ ।

त्यस्तै राष्ट्र बैंकको पुनकर्जालाई अधिकतम वद्धि गरी प्रभावित क्षेत्रको अवस्थाका आधारमा सबै प्रकारका साना घरेलु, मझौला तथा ठूला उद्योगहरुलगायत निर्यात तथा अन्य व्यवसायिक क्षेत्रलाई समेत दीर्घकालीन कर्जा उपलब्ध गराउने ब्यवस्था गरिनु पर्ने चेम्बरको सुझाव रहेको छ ।

बजेट मार्फत नेपाल लाई आत्मनिर्भर बनाउन योजनाबद्ध कार्यक्रम ल्याउनु पर्ने, निर्यात ब्यापार लाई मुल्य अभिवृद्धिका आधारमा निर्यात अनुदान दिने नीति अपनाउनु पर्ने, रुग्ण भएका उर्जा आयोजनाहरुलाइ पुनरुत्थान गर्न ५ प्रतिशत व्याजदरमा ऋण सुबिधा उपलब्ध गर्नु पर्ने, आन्तरिक पर्यटनतर्फ कोरोनाको प्रभाव कम हुने वित्तिकै अघि बढाउनु पर्ने, औद्योगीक व्यवसाय ऐनमा उल्लेख गरिएका राजस्जलगायतका छुट सुविधाहरु सम्बन्धित ऐनमा उल्लेख हुनु पर्ने रहेको छ ।

त्यस्तै उद्योगमा आवश्यक पर्ने कच्चा पदार्थ सहायक कच्चा पदार्थ आयातमा तयारी बस्तु भन्दा कम्तीमा दुई तह कम भन्सार लाग्ने व्यवस्था हुनु पर्ने, स्वदेशी वस्तु १५ प्रतिशत महंगो भए पनि खरिद गर्ने व्यवस्था सार्वजनिक खरिद ऐनमा उल्लेख हुनु पर्ने, देशमा उत्पादन अभिवृद्धि गर्न उत्पादन मुलक उद्योगहरुलाई सहुलियत दरमा विद्युत उपलब्ध गराउने नीति ल्याउनु पर्नेलगायतको सुझाव पेश गरेको चेम्बरले जानकारी दिएको छ ।

# धराशायी पर्यटन क्षेत्र बचाउन २० अर्बको प्याकेज ल्याउन सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ जेठ

नेपाल पर्यटन बोर्डले कोभिड-१९ का कारण प्रभावित बनेको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थानका लागि रु २० अर्बको राहत प्याकेज ल्याउन सरकारलाई सिफारिस गरेको छ । बोर्डले कोभिड-१९ का कारण पर्यटन क्षेत्रमा पुऱ्याएको असर र यसबाट उद्योग बचाउन अवलम्बन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन आज संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई बुझाएको हो ।

प्रतिवेदनले हालको महामारीको अवस्थाबाट सिर्जित विसम परिस्थितिको असरबाट यस क्षेत्रलाई बचाइराख्न पर्यटन क्षेत्रमा कार्यरत मानव संसाधन (कर्मचारी एवं पर्यटन श्रमिक) को पेशागत सुरक्षाका लागि रु २० अर्बको राहत प्याकेजको कार्यक्रम समेटिएको छ । प्रतिवेदनमा पर्यटन क्षेत्रमा आबद्ध कर्मचारी एवं श्रमिकलाई राहत उपलब्ध गराउने, पर्यटन व्यवसायीलाई आर्थिक राहत र सहुलियत उपलब्ध गराउने र पर्यटन क्षेत्रको तत्काल पुनरुत्थानका लागि गर्नुपर्ने केही नीतिगत सुधार रहेका छन् ।

उक्त राहत प्राप्त गर्नका लागि पर्यटन क्षेत्रमा कार्यरत रहेको प्रमाण उपलब्ध गराउनु पर्नेछ । अन्तिम तीन महिनाको तलब बैंकमा जम्मा गरेको प्रमाण, पान दर्ता प्रमाणपत्र, आयकर तिरेको प्रमाण र सामाजिक सुरक्षाकोषमध्ये कुनै पनि प्रमाण पेश गर्नुपर्ने विषय समेटिएको छ । यो प्याकेज उपलब्ध गराउन सकिएमा पर्यटन क्षेत्रमा कार्यरत कर्मचारी एवं मजदुरको जीविकोपार्जनमा सघाई उनीहरूको पलायनलाई रोक्न सकिने बोर्डको धारणा रहेको छ । यसबाट पर्यटन सामान्य अवस्थामा फर्कनेबित्तिकै पर्यटन क्षेत्रमा मानव संसाधनको अभाव नहुने बोर्डको



विश्वास छ ।

त्यसैगरी पर्यटन व्यवसायीका लागि आर्थिक सहयोग एवं सहुलियत उपलब्ध गराउने दोस्रो उपायका रूपमा सुझाइएको छ । यसमा व्यवसायीले लिएको ऋणको ब्याजदर घटाई आधार दर वा आधार दरमा थप एक प्रतिशतमा नबढ्ने गरी ब्याजदर कायम गर्नुपर्ने विषय रहेको छ । हाल नेपाल राष्ट्र बैंकले साविक ब्याजदरमा दुई प्रतिशत घटाउने निर्णय गरिसकेको भए तापनि पर्यटन व्यवसायीलाई विशेष प्राथमिकतामा राखी थप ब्याज घटाउनुपर्ने विषय औंल्याइएको छ । त्यस्तै व्यवसायीले लिएको ऋण चुक्ता गर्नुपर्ने अवधिलाई पुनर्तालिकीकरण गरी तीन वर्ष थप गर्नुपर्ने, ब्याजको पूँजीकरणका लागि एक वर्षको समय उपलब्ध गराइनुपर्ने, हाल राखेकै धितोका आधारमा थप रु २५ लाखसम्मको ऋण उपलब्ध गराउनुपर्ने र विद्युत् महसुल भुक्तानीमा छुट र विद्युत्को डिमान्ड शुल्क मिनाहा गर्नुपर्ने विषय समेटिएको छ ।

यस्तै बोर्डले सरकारी तथा निजी क्षेत्रका कर्मचारीलाई पर्यटन बिदाको व्यवस्था गर्न सुझाएको छ। हालको अवस्था सामान्य हुनेबित्तिकै पर्यटन क्षेत्रको तत्काल पुनरुत्थानका लागि केही नीतिगत व्यवस्था गर्नुपर्ने विषयसमेत बोर्डले सिफारिस गरेको हो । यसअन्तर्गत आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सरकारी, सार्वजनिक निकाय, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रका कर्मचारीलाई स्वदेशभित्रका विभिन्न गन्तव्य घुम्नका निमित्त निश्चित रकम र अवधिसहितको तथा भ्रमण कार्यक्रममा खर्च हुने रकममा आयकर छुटसहितको वा अन्य उपायबाट समेत पर्यटन बिदाको व्यवस्था गरिनुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

विभिन्न रोजगारीमा रहेका लाखौं मानिस यस व्यवस्थाअन्तर्गत स्वदेश भ्रमणमा गएमा उक्त भ्रमणबाट करिब रु ५३ अर्बको व्यापार हुने प्रक्षेपणसमेत गरिएको छ। त्यसैगरी व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत पर्यटन पूर्वाधारमा लगानी गर्नुपर्ने विषयलाई औद्योगिक व्यवसाय ऐन र नेपाल राष्ट्र बैंकले परिपत्रमार्फत सम्बोधन गरिनुपर्ने विषयसमेत उठान गरिएको छ । त्यसैगरी कर चुक्ता गर्नुपर्ने अवधिलाई ६ महिना पर सार्नसमेत उक्त प्रतिवेदनमार्फत सरकारसमक्ष सिफारिस गरिएको छ। बोर्डद्वारा विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ ले नेपालको पर्यटन क्षेत्रमा पारेको गम्भीर असरबाट पर्यटन क्षेत्रलाई बचाइराख्न तत्काल के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ भनेर सर्वेक्षण गरी प्रतिवेदन तयार गरेको थियो ।

# छ वर्षभित्र जगदुल्ला जलविद्युत् आयोजना



**हेमन्त केसी/रासस**
काठमाडौं, ४ जेठ

जगदुल्ला जलविद्युत् आयोजनाको (विस्तृत परियोजना प्रतिवेदन(डिपिआर)को काम अन्तिम चरणमा पुगेको छ । सरकारको नीति तथा कार्यक्रममा समेत समावेश गरेको यो आयोजना डिपिआरको काम अन्तिम चरणमा पुगेको हो । देशका राष्ट्रिय प्रसारणलाइन नपुगेका र ग्रामीण विद्युतीकरण नभएका स्थानमा विद्युतीकरण गर्ने उद्देश्यअनुसार जगदुल्ला जलविद्युत् आयोजनाको छ वर्षभित्र निर्माण गर्ने उद्देश्य लिइएको छ ।

आयोजना निर्माणका लागि फागुन २८ गतेबाट मुआब्जा वितरणकार्य शुरु भएसँगै आयोजना निर्माणको गती शुरु भएको हो । अब दोस्रो चरणको मुआब्जा वितरणको कामसमेत छिट्टै शुरु गरने आयोजना प्रमुख सञ्जय सापकोटाले जानकारी दिए । विद्युत् उत्पादन गृहस्थल मुड्केचुला गाउँपालिका-४ इल डोल्पामा मुआब्जा वितरण सम्पन्न भएको आयोजना प्रमुख सापकोटाले जानकारी दिए । पहिलो चरणमा इलस्थित स्थानीयवासीले मुआब्जा पाएका छन् भने दोस्रो चरणमा अर्थात् चैत १४ गते काइगाउँमा वितरण गर्ने भनिएकामा 'लकडाउन'का कारण रोकिएको छ । इलमा ६३ घरधुरीको ७१ रोपनी जग्गाको प्रतिरोपनी पाँच लाख ५० हजार र काइगाउँमा १८७ रोपनी १०० घरधुरीको प्रतिरोपनी पाँच लाख १५ हजारका दरले मुआब्जा वितरणकार्य अगाडि बढेको प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले जानकारी दिए। कूल ३०७ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ काम थालिएको भए पनि अहिले भौगोलिक विकटताका कारण १०६ मेघावाट मात्र विद्युत् उत्पादन गर्न सकिने आयोजनाले जानकारी दिएको छ ।

प्राविधिक टोलीको सल्लाहअनुसार क्षमता घटाएर काम शुरु गरिएको आयोजनाको विस्तृत परियोजनाको प्रतिवेदन (डिपिआर) काम पूरा भए पनि लकडाउनका कारण सार्वजानिक गर्न नपाएको आउने प्रमुख सापकोटाले जानकारी दिए। २० महिनाभित्र निर्माण पूरा गर्ने भनी गरिएको सम्झौताअनुसार काम पूरा नभएपछि अहिले छ महिना थपेर विस्तृत परियोजना प्रतिवेदनको कामलाई तीव्रता दिइएको थियो । आयोजनाको विद्युत् उत्पादन गृह मुड्केचुला गाउँपालिका-४ इलमा बन्ने छ भने जगदुला गाउँपालिका वडा नं १ र २ मा ड्याम निर्माण गरिनेछ । पहिलो चरणमा २५८ रोपनी जग्गा अधिग्रहण भएको छ। अर्धजलाशयका रूपमा निर्माणकार्य थालिएको आयोजना छ वर्षभित्र निर्माण कार्य पूरा गर्ने लक्ष्य लिइएको छ ।

करिब सात दशमलव एक किलोमिटर भूमिगत सुरुङ निर्माण गरी इलस्थित ३०० मिटरभित्र रहेको विद्युत् उत्पादन गृहमा खसालेर विद्युत् उत्पादन गर्ने लक्ष्य छ। जगदुल्ला गाउँपालिका-१ हुरिकोटमा २३ मिटर उचाइको जलाशययुक्त ड्याम निर्माण हुनेछ भने उक्त ड्यामको १०० मिटर चौडाइ हुनेछ। छ घण्टा पानी थुनेर आयोजना सञ्चालन गरिनेछ । विस्तृत परियोजनाको जिम्मा एनइए इञ्जीनियरिङले रु २७ करोडमा लिएको उनको भनाइ छ। आयोजना निर्माणका लागि १० प्रतिशत शेयर स्थानीयवासीले हाल्न पाउनेछन् । सरकार आफैं र स्थानीयवासीलाई सेयर दिएर यो आयोजना निर्माण गर्ने लक्ष्य लिएको छ।

अहिले विद्युत् उत्पादन गृहको माटो जाँचका लागि ३०० मिटरभित्र सुरुङ निर्माणका लागि चैत २ गते बोलपत्र आह्वान भएर छिट्टै काम शुरु हुने आयोजनाले जानकारी दिएको छ । जाजरकोट, रुकुमपश्चिम र डोल्पाको सिमाना त्रिवेणीस्थित भेरी नदीमा पुल निर्माणका लागि आयोजनाले पहल शुरु गरेको छ। त्यस्तै इलमा समेत पुल निर्माण गरिने भएको छ । कर्णाली प्रदेश सरकारले त्रिवेणीदेखि इलसम्मको सडक ट्याक छिटो खोलेमा कामसमेत आयोजनाको कामसमेत छिटो हुने आयोजनाको भनाइ छ । काइगाउँमा परीक्षणका लागि चार वटा प्वाल प्रतिप्वाल ३५ मिटरको हिसाबले निर्माण गरी जाँचको काम भएको छ ।

त्यस्तै १६० मिटर जमिनमुनिका दुई प्वाल इलमा निर्माण गरिएको छ। आयोजना निर्माणका लागि आवास र कार्यालय भवन निर्माण बोलपत्र आह्वानको काम शुरु गर्न लागिएको बताएको छ। अर्धजलाशययुक्त रहेको यो आयोजनाको कूल लागत रु २२ अर्ब लाग्ने अनुमान गरिएको छ । आयोजना निर्माणका लागि आवश्यक विद्युत्का लागि इलस्थित फेदीखोलाबाट दुई मेगावाट र काइगाउँस्थित स्थानीय खोला दुई मेगावाट विद्युत् उत्पादन गर्न सम्भाव्यताको काम शुरु भएको छ । आयोजना निर्माणस्थल बाँधस्थलमा घर नभएका कारण आयोजना निर्माणका लागि समस्य नभएको प्रमुख सापकोटाले जानकारी दिए ।

डोल्पाको भाग्य र भविष्यसँग जोडिएको आयोजना भएकाले यसलाई छिटोछरितो निर्माणका लागि पहलकदमी जारी रहेको डोल्पाकी सांसद सत्य पहाडीले जानकारी दिए । विद्युत् आयोजना निर्माणका लागि ११ केभी प्रसारण लाइन जाजरकोटबाट जोड्ने कामसमेत शुरु भएको पहाडीले बताए । भौगोलिकरूपमा निकै जटिल भूबनोट रहेको डोल्पामा विकास गर्दा निकै चुनौती मोल्नुपर्नेछ ।

आयोजना निर्माणको बाधक बनेको सडक त्रिवेणीदेखि इल हुँदै सर्मी भालु हुँदै काइगाउँसम्म सडक निर्माण गर्नका लागि रु ३७ करोडको बोलपत्र आह्वानका लागि प्रक्रिया शुरु भएको प्रदेशसभा सदस्य वीरबहादुर शाहीले जानकारी दिए । त्यस्तै रु तीन करोडको जगदुल्लाबाट मुड्केचुलाको सर्मीसम्म सडकको काम शुरु भएको उनले जानकारी दिए । काइगाउँबाट मुड्केचलासम्म जोड्ने सडकको काम रु पाँच करोडमा शुरु गरिएको उनले जानकारी दिए । जगदुल्ला गाउँपालिका-४ को बालुवाकुना र जगदुल्ला गाउँपालिका-२ जोड्ने पक्की पुलको निर्माणका लागि डिपिआरको काम शुरु भइ निकट भविष्यमा पुल निर्माणको काम शुरु गरिने शाहीले जानकारी दिए । त्रिवेणी, मनमङ र निलदहमा पक्की पुल जगदुल्ला जलविद्युत् आयोजनाले बनाउने उनको भनाइ छ ।

## सेलपेबाट कोरोना बीमा

**काठमाडौं/मस-** नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक सेलकम प्रालीको सेलपे सेवाका ग्राहकहरुले कोरोना भाइरस विरुद्धको बीमा गर्न सक्ने भएका छन् । कोरोना भाईरस विरुद्धको बिमा सुविधा सेलपे मोबाईल वा वेब एप्लीकेशन मार्फत सरल र सहज रुपमा वास्तविक समयमा खरिद गर्न सक्ने छन् ।

नेपालमा पनि कोरोना भाईरसको संक्रमण बढ्दै गएको हुँदा यस रोगबाट हुन जाने आर्थिक क्षतिको जोखिमलाई न्युनिकरण गर्न बिमाको आवश्यकता महसुस गरी सेलपेसँग आबद्ध सगरमाथा इन्सुरेन्स कम्पनीसंगको सहकार्यमा कोरोना भाईरस विरुद्ध बिमा सुविधा खरीद गर्न सकिने सेवाको सुरुवात गरेको छ । जसले कोरोना भाईरस संक्रमित व्यक्तिहरुलाई आर्थिक सहयोग पुर्याउनेछ । ग्राहकहरुले आफ्नो आवश्यकता अनुसार व्यक्तिगत बीमा वा पारिवारिक बीमा रोज्न सक्नु सक्नेछन् ।

सेलपेका ग्राहकहरुले बीमा गर्नका लागि आफ्नो सेलपे एप्पमा गई कोभिड १९ आइकनमा क्लिक गरी सजिलै आफ्नो आवश्यकता अनुरुप व्यक्तिगत बीमा वा पारिवारिक बीमा वास्तविक समयमा खरिद गरि रकम भुक्तानी गर्न सक्नु हुनेछ । यस अन्तर्गत बीमा शुल्क भुक्तानी गरेको १५ दिनसम्म प्रतिक्षा अवधी रहने छ र १५ दिनको प्रतिक्षा अवधी सकिएपछी कोही व्यक्तिमा कोरोना भाईरस पोजिटिभ पुष्टि भएमा, पुष्टि हुने बित्तिकै बीमा रकमका लागि दाबी गर्न समेत सक्नेछन् ।

# चौसठ्ठी प्रतिशत निजी आवास पुन:निर्माण

**म्याग्दी/मस-** म्याग्दीमा चौसठ्ठी प्रतिशत भूकम्पपीडितले निजी आवास पुन:निर्माण गरेका छन्। विसं २०७२ वैशाखको भूकम्पका कारण घर भत्किएर राष्ट्रिय पुन:निर्माण प्राधिकरणसँग सम्झौता गरी पहिलो किस्ता अनुदान लगेकामध्य हालसम्म ५१५ जनाले आवास पुन:निर्माण गरेका हुन् ।

प्राधिकरणको जिल्ला आयोजना कार्यान्वय एकाइका अधिकृत यज्ञप्रसाद रिजालले ८०१ लाभग्राहीले रु ५० हजारका दरले पहिलो किस्ता अनुदान लगेका जानकारी दिए । ५८४ जनाले दोस्रो किस्ता लगेका छन् । पहिलो किस्ता लगेका मध्ये दुई जनाले अनुदान फिर्ता गरेका छन् । २१७ जना दोस्रो किस्ता लिन नआएका रिजालले बताए ।

भूकम्पबाट कम प्रभावित जिल्लाको सूचीमा पर्ने म्याग्दीमा विसं २०७३ चैतदेखि सम्झौता र २०७४ मङ्सिरदेखि पीडितको खातामा अनुदान पठाएर निजी आवास पुन:निर्माण शुरु गरिएको थियो । दोस्रो किस्तावापत डिपिसी गरेपछि रु एक लाख ५० हजार र भवन बनाएपछि अन्तिम किस्तावापत रु एक लाख अनुदान



उपलब्ध गराउने व्यवस्था छ ।

प्राविधिक आउनुअघि बनेका १४२ घरका धनीलाई एकमुष्ट रु दुई लाख ५० हजारका दरले भुक्तानी गरेपछि पुन:निर्माणको प्रगति ह्वात्तै बढेको हो । उनीहरूले यसअघि रु ५० हजारका दरले अनुदान लगेका थिए । छुट तथा पुन: सर्वेक्षणबाट १८० लाभग्राही कायम भएका छन् । ७० प्रवलीकरण र ११० जना नियमित गर्नुपर्ने लाभग्राही हुन् । उनीहरूमध्ये १४० जनासँग सम्झौता भएको छ । विसं २०७३ पुसमा इञ्जीनियर परिचालन गरेर एक हजार ३५० घर सर्वेक्षण गरिएको थियो । ८४८ लाभग्राही पहिचान भएका थिए । पहिलो किस्ता लगेर घर पुन:निर्माण शुरु गरी दोस्रो किस्ता लिनै नआएका लाभग्राहीका कारण पुन:निर्माणमा चुनौती देखिएको छ । पुन:निर्माण नगर्नेलाई अनुदान फिर्ता गर्न स्थानीय तहमार्फत ताकेता गरिएको छ । प्राधिकरणले लाभग्राहीका लागि पुन:निर्माण र अनुदान लिने शर्तसहितको नयाँ समय तालिका जारी गरेको छ ।

चालु आवको असार मसान्तसम्म दोस्रो किस्ता लिनुपर्ने समय तोकिएको छ । २०७७ मङ्सिरसम्म अन्तिम किस्ता लिइसक्नुपर्ने समयसीमा बनाएको छ। भूकम्पले चर्किएको पहाड खसेर पुरिएको रघुगङ्गा गाउँपालिका-२ र अन्नपूर्ण गाउँपालिका-८ मा पर्ने बैसरीलाई जोखिम बस्ती पहिचान गरी अन्यत्र जग्गा नभएका तीन घरधुरीलाई जग्गा खरिदका लागि थप रु दुई लाख उपलब्ध गराइएको छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ